**आकाशवाणी खरसाङ, प्रादेशिक समाचारः नेपाली**

मितिः २३ अगस्त २०२३

समयः १८:५० - १६:०० बजे

**प्रमुख समाचार**

१. प्रधानमन्त्री नरेंन्द्र मोदी तथा युक्रेनका राष्ट्रपति भोलोदिमिर जेलेन्स्कीको भेटवार्ताले सगर्ष रोक्नमा थप टेवा पुग्ने आशा व्यक्त गरिएको छ

२. इसरोले अन्तरिक्षको क्षेत्रमा मात्र नभई देशको सामाजिक–आर्थिक विकासमा समेत अमूल्य योगदान पुरयाएको राष्ट्रपति द्रौपदी मुर्मूले बताउनु भएको छ।

३. आरजी कार मेडिकल कलेज प्रकरणका मुख्य आरोपी सञ्जय रोयलाई सियालदहको विशेष अदालतले १४ दिनको न्यायिक हिरासतमा पठाएको छ।

४. राष्ट्रिय राजमार्ग १० आज देखि ससाना वाहन र मिनी बसहरूका लागि खोलिएको छ।

५. जीटीएको सुचना तथा सांस्कृतिक विभाग साथै शिक्षा विभागको संयुक्त आयोजनामा जिल्ला स्तरीय निबन्ध लेखन प्रतियोगिताको पठन कार्यक्रम सम्पन्न।

**प्रधानमन्त्री-युक्रेन**

प्रधानमन्त्री नरेंन्द्र मोदी तथा युक्रेनका राष्ट्रपति भोलोदिमिर जेलेन्स्कीको भेटवार्ताले सगर्ष रोक्नमा थप टेवा पुग्ने आशा व्यक्त गरिएको छ यसअघि प्रधानमन्त्री नरेंन्द्र मोदी पोल्याण्डको रेलबाट युक्रेनको राजधानी किभ पुग्नुभएको थियो। कीभ पुगेपछि प्रधानमन्त्री मोदीलाई भारतीय समुदायका सदस्यले न्यानो स्वागत जनाएका थिए। प्रधानमन्त्री नरेन्द्र मोदीले युक्रेनको राजधानी किभस्थित युक्रेनको राष्ट्रिय इतिहास संग्रहालयमा आयोजित 'मल्टिमिडिया जर्नलिस्ट्स एक्जिबिसन अन चिल्ड्रेन'को अवलोकन गर्नुभयो भने उहाँको साथमा युक्रेनका राष्ट्रपति भोलोदिमिर जेलेन्स्की पनि उपस्थत हुनुहुन्त्यो।

यसैबीच विदेशमन्त्री एस जयशंकरले प्रधानमन्त्रीको युक्रेन भ्रमणबारे सञ्चारकर्मीलाई जानकारी दिँदै द्विपक्षीय सम्बन्ध, व्यापार, आर्थिक मुद्दा, रक्षा, औषधि र कृषिमा केन्द्रित रहेर छलफल भएको जानकारी दिएको बताउनु भयो भने दुई नेताबीच युक्रेनको द्वन्द्वबारे छलफल भएको उहाले बताउनु भयो।

****** ० ******

**नया अंतरिक्ष दिवस**

भारतीय अन्तरिक्ष अनुसन्धान संगठन (इसरो) ले अन्तरिक्षको क्षेत्रमा मात्र नभई देशको सामाजिक–आर्थिक विकासमा समेत अमूल्य योगदान पुरयाएको राष्ट्रपति द्रौपदी मुर्मूले बताउनु भएको छ। नयाँ दिल्लीमा आज आयोजित पहिलो राष्ट्रिय अन्तरिक्ष दिवस समारोहलाई सम्बोधन गर्दै यस्तो बताउनु भएको हो भने हुन् अन्तरिक्षको क्षेत्रमा भएको प्रगतिले स्वास्थ्य, यातायात, वातावरण, ऊर्जा सुरक्षा, सूचना प्रविधि र अन्य धेरै क्षेत्रमा लाभ पुगेको बताउनु भयो। राष्ट्रपति अझ भन्नुभयो अन्तरिक्ष अन्वेषणले मानवीय क्षमतामा वृद्धि गरेको र यसले कल्पनालाई वास्तविकतामा परिणत गर्न र ब्रह्माण्डका रहस्यहरू उजागर गर्न मद्दत गरेको छ यसका साथै 'इसरोको चन्द्रयान चन्द्रमामा अवतरण गर्नु सबै भारतीयका लागि गर्वको क्षण रहेको बताउनु भयो।

****** ० ******

**आरजी**

आरजी कार मेडिकल कलेज प्रकरणका मुख्य आरोपी सञ्जय रोयलाई सियालदहको विशेष अदालतले १४ दिनको न्यायिक हिरासतमा पठाएको छ। यसअघि उनलाई सीबीआईले आज सियालदहस्थित मुख्य न्यायिक मजिस्ट्रेटको अदालतमा पेश गरेको थियो भने उनले पोलिग्राफ परीक्षणका लागि अदालतलाई सहमति दिएका थिए। त्यसपछि अदालतबाट अनुमति पाएपछि उनको पोलिग्राफ परीक्षण गरिनेछ। यसै क्रममा सीबीआईको टोलीले आरोपीलाई धेरै पटक घटनास्थलमा लगेर सोधपुछ गरेको थियो। मंगलबार सियालदह अदालतमा अभियुक्तको पोलिग्राफ परीक्षणका लागि निवेदन दिइएको थियो तर सुरक्षाको कारण देखाउँदै उनलाई त्यहाँ उपस्थित गराइएको थिएन।

****** ० ******

**कोलकाता**

कोलकाताको आरजी कार अस्पतालको घटनाबारेमा केन्द्रीय अनुसन्धान ब्यूरो (सीबीआई)ले पूर्व प्रिन्सिपल सन्दिप घोषसँग लगातार आठौं पटक सोधपुछ गरेको छ। सन्दिप घोष आज बिहान सीजीओ कम्प्लेक्सस्थित सीबीआई कार्यालयमा पुगेका थिए, जहाँ उनलाई सोधपुछ गरिएको थियो।सीबीआईको टोलीले गत शुक्रबारदेखि लगातार सन्दीप घोषसँग सोधपुछ गरिरहेको छ भने सीबीआईले सन्दिप घोषका ड्राइभरसँग पनि सोधपुछ गरेको छ।

****** ० ******

**सुप्रीम कोर्टनिर्देश**

सर्वोच्च अदालतको निर्देशनमा २४ घण्टाभित्र पश्चिम बङ्गाल स्वास्थ्य विभागले राज्यमा चिकित्सकहरूको सुरक्षा सुनिश्चित गर्न धेरै आवश्यक कदमचालेको छ। राज्य सरकारले 'रात्तिर के साथी' नामक नयाँ सरकारी दिशानिर्देश अन्तर्गत यी सुरक्षा उपायहरू सुरु गरेको हो।राज्यका स्वास्थ्य सचिव नारायणस्वरूप निगमले एक पत्रकार सम्मेलन गर्दै , 'सर्वोच्च अदालतले आरजी कार मेडिकल कलेजको मामलाको सुनवाईको क्रममा सरकारी अस्पतालका डाक्टरहरूको सुरक्षा सुनिश्चित गर्न राज्य सरकारलाई आदेश दिएको बताउनु भयो भने २४ घण्टाभित्र स्वास्थ्य भवनले आवश्यक कदम चाल्ने घोषणा गरेको तथा राज्य सरकारले 'रत्न के साथी' नामक नयाँ सरकारी दिशानिर्देश अन्तर्गत यी सुरक्षा उपायहरू सुरु गरेको बताउनु भयो।

****** ० ******

**सर्वोच्च न्यायालय जुनियर डाक्टर**

सर्वोच्च न्यायलयले हिज हड़तालकारी डाक्टरहरूलाई काममा फर्किने आदेश दिए तापनि आरजी कर मेडिकल कलेज एवं अस्पतालका जुनियर डाक्टरहरू आफ्नो मांग पूरा नभएसम्म आफ्नो हड़ताल जारी राख्ने कुरामा अडिग देखिएका छन्। हड़माललाई नेतृत्व गरिरहेका आर जी कर मेडिकल कलेज एवं अस्पतालका स्नातकोत्तर प्रशिक्षु अनिकेत महतोले भनेका छन् – हामी सर्वोच्च न्यायालयलाई सष्मान गछौ तर प्राथमिक मांग पूरा नगरेसम्म हड़ताल गरी राख्नुपर्ने कुरामा धेर जसो जुनियर डाक्टरहरू एकजुट देखिए।

यस अस्पतालकी एक जुनियर डाक्टरसंग गरिएको दुष्कर्म अनि हत्याको दोषीहरूलाई पक्राउ गरी चाँड़ो भन्दा चखँड़ो सजाय दिन पेर्न मांग उनीहरूको रहेको छ। अहिले सम्म यस मामिलामा केवल एक व्यात्तिलाई पक्राउ गरिएको छ। अन्य कसैलाई पनि पक्राउ गरिएको छैन। यस मामिलामा अन्य दौशीहरूलाई पक्राउ गर्न सी.बी.आई ले पनि कुनै ठोस पहल नगरेको हड़तालकारी डाक्टरहरूको भनाई छ। उल्लेखनीय छ , सीबीआई ले अहिले सम्म यस मामिलामा पक्रा परेका मुख्य आरोपी र यस अस्पतालका पूर्व प्रार्चाय लगायत अन्यसंग केरकार गरिरहेको छ।

****** ० ******

**आर जी कर - सिलगढी**

कोलकाताको आर जी कर अस्पताल मामिलामा मुख्यमन्त्रीको राजीनामाको माग गर्दै भाजपाको विरोध प्रदर्शन जारी छ। यसै क्रममा शुक्रबार भाजपाले राज्यका प्रत्येक पुलिस थाना घेराउ गर्ने कर्मसूची अप्नाएको थियो। शुक्रबार, मुख्यमन्त्रीको राजीनामाको माग गर्दै भाजपाको सिलगढी संगठनात्मक शाखाले शहरका विभिन्न थानाहरू घेराउ गऱ्यो। यसै क्रममा प्रदर्शनकारीहरू एनजेपी थाना घेराउ गर्न पुगेका थिए, यहाँ पुलिस चौकी अगाडि नै भाजपा प्रदर्शनकारीहरूले पुलिसको अवरोधको सामना गर्नुपरेको थियो। प्रदर्शनकारीहरूले ब्यारिकेड तोडेर अगाडि बढेका थिए। ब्यारिकेड तोडेपछि प्रदर्शनकारी र पुलिसबीच झडप पनि भयो। भाजपा प्रदर्शनकारीहरूले भक्तिनगर थाना र मतिगढा थाना पनि घेराउ गरी प्रदर्शन गरे। यस क्रममा आरजी कर घटनाको विरोधमा

मतिगढामा प्रदर्शनकारीहरूले सड़क बीचमा टायर जलाएर प्रदर्शन गरे।

****** ० ******

**राष्ट्रिय राजमार्ग १०**

बिरिकडाँडाको भुइँचालेमा गएको भीषण पैह्रोका कारण बन्द रहेको राष्ट्रिय राजमार्ग १० आज देखि ससाना वाहन र मिनी बसहरूका लागि खोलिएको छ।यससम्बन्धमा हिजो कालेबुङका जिल्लापालले एक आदेश जारी गरी राष्ट्रिय राजमार्ग १० आज बिहान ६ बजेदेखि बेलुकी ८ बजेसम्म ससाना वाहन र बत्तिसवटा सम्म सिट भएका मिनी बसहरूका लागि खुला रहने जानकारी गराउनु भएको थियो ।यद्यपि ठुला र मालवाहक वाहनहरू भने पहिलाकै वैकल्पिक मार्ग भएर गुड्न पर्नेछ।उल्लेखनीय छ, सिक्किमको जीवनरेखा मानिने राष्ट्रिय राजमार्ग १० –लाई यसपालि पैह्रोले अत्यधिक सताउँदा घरी घरी बन्द भएको थियो। अहिले पनि राष्ट्रिय राजमार्ग १० का धेरै ठाउँमा मरम्मतीका काम चलिरहेको छ।

****** ० ******

**जीटीएको निबन्ध लेखन प्रतियोगिता**

गोर्खाल्याण्ड क्षेत्रीय प्रशासनको सुचना तथा सांस्कृतिक विभाग साथै शिक्षा विभागको संयुक्त आयोजनामा आज खर्सांग अनि कालेबुङमा भाषा मान्यता दिवस साथै विद्यार्थीहरूलाई जिल्ला स्तरीय निबन्ध लेखन प्रतियोगिताको पठन कार्यक्रम सम्पन्न गरिएको छ । खरसाङको नयाँ बजार स्थित सार्वजनिक भवनमा सम्पन्न उक्त कार्यक्रममा विभिन्न विद्यालयहरूबाट 25 जना विद्यार्थीहरूले अशंग्रहण गरेका थिए भने दुईवटा उत्कृष्ट निबन्ध छनौट गरेर आगामी 31 अगस्तको दिन दार्जीलिङको गोर्खा रंगमञ्च भवनमा आयोजना हुने कार्यक्रममा पठाइने भएको छ।निबन्ध लेखन प्रतियोगितामा निर्णायकको रुपमा उषाकिरण सत्यदर्शी, प्रकाश प्रधान, सञ्जीव छेत्री अनि समय सचेतकको रूपमा उपेन्द्र प्रधान उपस्थित रहेका थिए।यसरी नै कालेबुंगमा पनि 11 वटा विद्यालयका विद्यार्थीहरुले अशंग्रहण गरेका थिए भने दुईवटा उत्कृष्ट निबन्ध छनौट गरिएको छ ।कालेबुंगको कार्यक्रममा विभागीय पक्षबाट सह निर्देशक भानुकान्त घिसिङ, सभासद हेमन थुलुङको उपस्थिती रहेको आयोजक पक्षबाट भुवन खनालले जानकारी दिएका छन्।

****** ० ******

**खरसाङ रेली**

देशमा नारीहरू सुरक्षित र स्वतन्त्र रूपमा बस्न पाउनुपर्छ भन्ने माग गर्दै उक्त रेली खरसाङको टुरिस्ट लजदेखि शुरु भएर खरसाङ बजार हुँदै महकुमा शासक कार्यालयमा पुगेर पथ सभामा परिणत भएको थियो। जहाँ नारी प्रतिनिधिहरूले खरसाङ महकुमा शासक आई ए एस बिन्दावासी तेजा दिपक मार्फत् राज्यकी मुख्यमन्त्री साथै प्रधानमन्त्रीलाई ज्ञापन चढाए। उक्त रेलीमा खरसाङ क्षेत्रका विभिन्न अल्पसंख्यक समुदायका मानिसहरू साथै विभिन्न संघ संस्थाहरूका नारी प्रतिनिधिहरूले सहभागिता जनाएका थिए ।

****** ० ******

**स्वास्थ्य-सचिव**

पश्चिम बङ्गालका स्वास्थ्य सचिव नारायणस्वरूप निगमले रेजिडेन्ट डाक्टरहरूलाई काममा फर्कन आग्रह गर्नुभएको छ। निगमले नयाँ चिकित्सा, उप प्राचार्य तथा प्राचार्यले पदभार ग्रहण गरेको जानकारी दिदै चेस्ट मेडिसिनको प्रमुख र सहायक अधीक्षकको पनि सरुवा गरिएको बताउनु भयो।

****** ० ******

**आकाशवाणी खरसांग**

आकाशवाणी महानिदेशालयको केन्द्रिय संगीत एकांशद्वारा जारी सुचना अनरुसार आकाशवाणीमा म्युजिक अडिसनको निम्ति आवेदन आमंत्रित गरिएको छ। आवेदन गर्न अनलाईन आमंत्रित गरिएको छ। आवेदन गर्न अनलाईन आवेदन प्रणाली अनलाईन एप्लिकेशन सिस्टम रेजिस्ट्रेशनको निम्ति २१ अगस्त २०२४ देखी २१ सेप्टेम्बर २०२४ सम्म खुल्ला रहनेछ। यालय जुनियर आवेदन गर्न ईच्छुक कलाकारहरूले पंजीकरण अर्थात रेजिष्ट्रशन अनि आवेदनको निम्ति यो म्युजिक अडिशन मोंटल मा आवेदन गर्न सक्छ्नुहुनेछ URL अथवा website address रहेको छ- https//mas.prasarbharati.org. आवदेन केवल अनलाईन प्रणालीद्वारा स्वीकृत गरिने जानकारी प्राप्त भएको छ। आवेदन आगामी २१ सेप्टेम्बरसम्म गर्न सकिनेछ।

****** ० ******

**<u>सिक्किम</u>**

सिक्किम सरकारले सबै ससरकारी सूना र राजपत्र नेपाली भाषामा प्रकाशित गर्ने अधिसूचना ाजरी गरेको , एकदिन पछि गोचर्खाल्याण्ड क्षेत्रिय प्रशासन ले बिहिबार एक आदेशि नेपाली र अंग्रेजी भाषामा प्रकाशित गरेको छ। ३३ औ नेपाली भाषा मान्यता दिवस कार्यक्रमलाई सम्बोधन गर्नु हुँदै सिक्किमका मुख्यमंत्री प्रेमसिंह तामांग गोलेले सबै सरकारी सूचना नेपाली भाषामा पनि प्रकाशिता हुने घोषणा गर्नुभएको थियो। जसलाई लागु पनि गरिएको छ, जसका कारण देशभरिका नेपाली भाषी मानिसहरूले मुख्यमंत्री गोले र सिक्किम सरकारको प्रशंसा गरिरहेका छन्। यसैबीच , सिक्किम सरकारको यस ऐतिहासिक कार्यबाट प्रभावित भएर हिजदेखि जी.टि.ए ले आफ्ना आदेश नेपाली अनि अंग्रेजी भाषमा प्रकाशित गरेको जी.टि.ए एक वरिष्ठ सदस्यले बताउनु भएको छ।

****** ० ******